**11th of dec**
**आकाशवाणी**

**मुख्य समाचार**

- **श्री मोदीले गर्नुभयो सुब्रमण्यम भारतीका रचनाहरूको विमोचन**
- **संसदका दुबै सदनमा हंगामा, कार्यवाही आज पनि  स्थगित**
- **लोकसभामा रेलवे संशोधन विधेयक 2024 पारित**
- **दिल्ली विधानसभा चुनावमा आम आदमी पार्टीको कांग्रेससँग कुनै गठबन्धन नहुने स्पष्ट।**
- **2030 सम्म 6G प्रविधिमा अग्रणी बन्ने भारतको लक्ष्य**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको विज्ञान भवनमा राष्ट्रिय पञ्चायत पुरस्कार प्रदान गर्नुभयो। यो वर्ष तृणमूल स्तरमा शासन र सामुदायिक विकासका ब्यापक उपलब्धिहरू दर्शाउँदै बिभिन्न श्रेणीमा कुल पैंतालिस व्यक्तिहरू पुरस्कारका लागि छनौट गरिएको थियो। पञ्चायती राज मन्त्रालयले भनेको छ- यी पुरस्कारहरूको उद्देश्य अन्य पञ्चायतहरूलाई श्रेष्ठ कार्य प्रणाली अप्नाउन प्रेरित गर्नु र ग्रामीण भारतको समग्र विकासमा योगदान दिनु हो।

**समार्ट इण्डिया हैकाथन 2024**

प्रधानमन्त्री नेरन्द्र मोदीले युवा नवप्रवर्तकहरूको प्रशंसा गर्नुभएको छ र भन्नुभएको छ- सबैमा एक्काइसौं शताब्दीको भिन्दै दुर्दृष्टि छ र समाधान पनि भिन्न छ। समार्ट इण्डिया हैकाथन 2024 को सातौं संस्करणको फाइनलमा युवा नवप्रवर्तकहरूसित भिडियो  कन्फरन्सिङको माध्यमद्वारा बातचीत गर्दै उहाँले भन्नुभयो आजको भारत प्रत्येक व्यक्तिको प्रयासले मात्र द्रुतगतिमा अघि बढ्न सक्छ। प्रधानमन्त्रीले भन्नुभयो युवा नवप्रवर्तकहरूसंग सम्पर्क गर्ने अवसर पाउँदा उहाँले प्रचुर ज्ञान प्राप्त गर्नु हुन्छ। यसअघि आज दिउँसो केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले देशभरिका एक्काउन्न केन्द्रहरूमा भर्चुअल माध्यमले सातौं स्मार्ट इण्डिया हैकाथन 2024 को ग्राड फाइनल को शुभारम्भ गर्नुभयो। यो दैनिक जीवनमा आउने प्रमुख समस्याहरूका समाधनको मञ्च उपलब्ध गराउने राष्ट्रव्यापी पहल हो।

**श्री मोदीले गर्नुभयो सुब्रमण्यम भारतीका रचनाहरूको विमोचन**

प्रधानमन्त्री नरेंद्र मोदीले भन्नुभएको छ कि सुब्रमण्यं भारतीको समृद्ध भारत र प्रत्येक व्यक्तिको सशक्तीकरणको दृष्टिकोण आगामी पीढीलाई प्रेरित गर्ने छ। प्रधानमन्त्रीले आज नयाँ दिल्लीमा तमिल कवि र स्वतन्त्रता सेनानी सुब्रमण्यम भारतीका सम्पूर्ण रचनाहरूको संग्रहको विमोचन गर्नुभयो। उहाले भारतीलाई श्रद्धांजलि अर्पित  पनि गर्नुभयो। प्रधानमन्त्री मोदीले भन्नुभयो कि महाकवि सुब्रमण्य भारतीका रचनाहरूको संग्रहको विमोचन गर्दा आफूलाई अत्यन्त सम्मानित महसुस भइरहेको छ। उहले यस दिनलाई देशको संस्कृति, साहित्य, भारतीय स्वतन्त्रता संग्रामका स्मृतिहरू र तमिलनाडुको गौरवको लागि महत्वपूर्ण क्षणका रूपमा व्याख्या गर्नुभयो। प्रधानमन्त्री मोदीले यस संग्रहलाई अनुसन्धानकर्ताहरूका लागि उपयोगी भएको बताउनु भयो। उहाले सुब्रमण्यम भारतीको 'गीता'मा गहिरो आस्था रहेको उल्लेख गर्दै भन्नुभयो कि भारतमा शब्दहरूलाई केवल अभिव्यक्ति मात्र नभएर ब्रह्मको उपाधि पनि दिइन्छ। प्रधानमन्त्रीले आधुनिक समयमा स्वामी विवेकानन्दका संग्रहित रचनाहरू र बाबा साहेब अंबेडकरका लेखन र भाषणहरू समाज र शिक्षा क्षेत्रका लागि अत्यन्त उपयोगी साबित भएको थप बताउनु भयो। उहाले यस पुस्तकको विभिन्न भाषामा अनुवाद भइरहेको उल्लेख गर्दै यसको बहुमूल्य सन्देश अझ धेरै  पाठकहरूसम्म पुग्न सक्ने बताउनु भयो।

**संसदका दुबै सदनमा हंगामा, कार्यवाही आज पनि  स्थगित**

सत्तारूढ पक्ष र विपक्षी सांसदहरूबीचको विवादपछि राज्यसभाको कार्यवाही आज दिनभरका लागि र लोकसभाको कार्यवाही दिउँसो 2 बजेसम्मका लागि स्थगित गरियो। राज्यसभामा मध्यान्ह 12 बजे कार्यवाही पुनः सुरु हुँदा सदनका नेता तथा केन्द्रीय मन्त्री जगत प्रकाश नड्डाले कांग्रेस नेताहरूको अमेरिकास्थित जर्ज सोरोस फाउन्डेसनसँग कथित सम्बन्धबारे छलफलको माग गर्नुभयो। उहाले यो सम्बन्ध भारतको सार्वभौमिकता र सुरक्षाका लागि गम्भीर खतरा भएको दाबी गर्नुभयो। श्री नड्डाले विपक्षी दलहरूले सभापति जगदीप धनखडविरुद्ध अविश्वास प्रस्ताव ल्याएर जनताको ध्यान भटकाउन खोजेको आरोप लगाउनुभयो। संसदीय कार्यमन्त्री किरेन रिजिजुले विपक्षले सभापतिविरुद्ध अविश्वास प्रस्ताव ल्याउनु संविधानको अपमान भएको बताउनु भयो। उहाले कांग्रेसलाई यसबारे स्पष्टिकरण दिनुपर्ने र माफी माग्नुपर्ने बताउनुभयो। लोकसभामा बिहानको प्रश्नकाल बिना कुनै अवरोध सम्पन्न भयो। शून्यकालमा कांग्रेस सांसद गौरव गोगोईले मणिपुरको कानून-व्यवस्थाको मुद्दा उठाउनुभयो र यसको जवाफमा केन्द्रीय मन्त्री पियूष गोयलले कांग्रेसलाई देशमा

अशान्तिको लागि जिम्मेवार ठहराउनु भयो। उहाले कांग्रेस नेताहरूको जर्ज सोरोस फाउन्डेसनसँग कथित सम्बन्धमाथि पनि प्रश्न उठाउनुभएको थियो।

**लोकसभामा रेलवे संशोधन विधेयक 2024 पारित**

लोकसभामा आज ध्वनि मतले रेलवे संशोधन विधेयक 2024 पारित गरिएको छ। यस विधेयकमा रेलवे अधिनियम 19 सय उनानसीमा संशोधन गर्ने र रेलवे बोर्डको कार्य निष्पादन अधिकारलाई बढाउने प्रस्ताव गरिएको छ। भारतीय रेलवे बोर्ड अधिनियम 19 सय पाँच का सबै प्रावधानलाई यस विधेयकमार्फत रेलवे अधिनियम 19 सय उनानसी मा समावेश गर्न प्रस्ताव गरिएको छ। रेल मन्त्री अश्विनी वैष्णवले यस विधेयकको उद्देश्य कानूनी संरचनालाई सरल बनाउनु रहेको बताउनुभयो। श्री वैष्णवले थप बताउनु भयो की वन्दे भारत, अमृत भारत र नमो भारत जस्ता नयाँ गाडीहरू सञ्चालनमा ल्याइएका छन्, जसले मध्यम वर्ग र गरीब यात्रुलाई हरेक प्रकारको सुरक्षा र सुविधा उपलब्ध गराउन मद्दत पुर्याएको छ।

**2030 सम्म 6G प्रविधिमा अग्रणी बन्ने भारतको लक्ष्य**

सञ्चार मन्त्रालयले भारतको 6G दृष्टिकोण अनुरूप कार्ययोजना विकास गर्न भारत 6G एलायन्स गठन गरेको छ। सञ्चार राज्य मन्त्री डा. पी. चन्द्रशेखरले लोकसभामा लिखित उत्तरमा बताउनु भएको छ कि यस गठबन्धनमा स्वदेशी उद्योग, शैक्षिक क्षेत्र, राष्ट्रिय अनुसन्धान संस्थाहरू र मापदण्डसँग सम्बन्धित संस्थाहरूलाई समावेश गरिएको छ। उहाँले जानकारी दिनुभयो कि भारतको 6G सम्भावनाहरूको सम्बन्धमा भारत 6G दृष्टिपत्रलाई हालै प्रधानमन्त्रीले सार्वजनिक गर्नुभएको थियो, जसमा भारतलाई 2030 सम्म 6G प्रविधिको डिजाइन, विकास र प्रसारमा अग्रणी देश बनाउने लक्ष्य राखिएको छ। डा. चन्द्रशेखरले अन्तर्राष्ट्रिय स्तरमा हाल 6G प्रविधिको विकास प्रक्रिया चलिरहेको जानकारी गराउँदै 2030 सम्ममा यो प्रविधि उपलब्ध हुने बताउनुभयो।

**दिल्ली विधानसभा चुनावमा आम आदमी पार्टीको कांग्रेससँग कुनै गठबन्धन नहुने स्पष्ट।**

दिल्ली विधानसभा चुनावका लागि आम आदमी पार्टी (आप) र कांग्रेसबीच हुने भनिएको गठबन्धनबारेको चर्चा समाप्त भएको छ। पार्टीका राष्ट्रिय संयोजक अरविन्द केजरीवालले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै आउँदो दिल्ली विधानसभा चुनावमा कांग्रेससँग कुनै गठबन्धन नहुने उल्लेख गर्नुभएको छ। यस विषयमा थप जानकारी दिँदै पार्टी सांसद संजय सिंहले भन्नुभयो कि यसपटक पनि पार्टीले अघिल्ला चुनावजस्तै एक्लै चुनाव लड्ने निर्णय गरेको छ।

**भारतको खाद्य सुरक्षा र मापदण्ड प्राधिकरण**

भारतको खाद्य सुरक्षा र मापदण्ड प्राधिकरण (FSSAI) ले प्याकेटबन्द खाद्य पदार्थका प्याकेटहरूमा अतिरिक्त चिनी, नुन र बोसोको पोषण सम्बन्धी जानकारी ठुलो र मोटो अक्षरमा प्रदर्शन गर्नु अनिवार्य बनाएको छ। उपभोक्ता, खाद्य र सार्वजनिक वितरण मन्त्री बी.एल. वर्माले लोकसभामा बताउनुभएको छ की उपभोक्ताहरूको लागि उत्पादहरूको पोषण मूल्यलाई राम्रोसँग बुझ्न र पोषण तत्वहरूसँग सम्बन्धित सही विकल्प चयन गर्नको लागि यस वर्षको 19 जुनमा अनिवार्य दिशानिर्देशहरूको स्वीकृति दिइएको थियो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **श्री मोदीले गर्नुभयो सुब्रमण्यम भारतीका रचनाहरूको विमोचन**
- **संसदका दुबै सदनमा हंगामा, कार्यवाही आज पनि स्थगित**
- **लोकसभामा रेलवे संशोधन विधेयक 2024 पारित**
- **दिल्ली विधानसभा चुनावमा आम आदमी पार्टीको कांग्रेससँग कुनै गठबन्धन नहुने स्पष्ट।**
- **2030 सम्म 6G प्रविधिमा अग्रणी बन्ने भारतको लक्ष्य**